## राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको मिति २०७७।०३।०५ गते बसेको छैठौं बैठकको निर्णयहरु

**निर्णय नं. १:-** आसन्न मनसुनजन्य विपद्को पूर्वतयारी तथा प्रतिकार्यका लागि विभिन्न निकायहरुद्वारा संयुक्तरुपमा तयार गरिएको मनसुन तयारी तथा प्रतिकार्य योजना, २०७७ स्वीकृत गर्ने र कार्ययोजनामा उल्लेखित जिम्मेवारी र भूमिकाहरु संयुक्त राष्ट्रसंघीय एजेन्सीहरु, विकास साझेदारहरु, गैरसरकारी तथा निजी क्षेत्र लगायतका सम्वद्ध निकायहरुबाट कार्यान्वयन गरी सोको नियमित प्रतिवेदन गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा गर्ने ।

**निर्णय नं. २:-** मनसुनजन्य पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७७ लाई प्रदेश र स्थानीय तहले मार्गदर्शनको रुपमा अवलम्बन गरी आ-आफ्नो तहको मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी कार्यान्वयन गर्ने ।

**निर्णय नं. ३:-** मनसुनजन्य विपद्बाट उत्पन्न हुने बाढी, पहिरो, कटान तथा पटानबाट भौतिक संरचना र जनधनको क्षति भई ठूलो संख्यामा घरपरिवार विस्थापित तथा प्रभावित हुने र महामारी तथा पानीजन्य रोग फैलिन सक्ने सम्भावना रहेकाले निम्नानुसारको जिम्मेवारी तपसिल बमोजिमको निकायले निर्वाह गर्ने ।

- पानीजन्य कारणबाट उत्पन्न हुन सक्ने महामारीको रोकथाम, उपचार एवं नियन्त्रण गर्ने कार्य स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गर्ने ।
- बाढी तथा डुवानबाट सिर्जित विपद् सम्बन्धी समस्याको न्यूनीकरण गर्न तथा मनसुनका कारणले भत्किएका संरचना तत्काल मर्मत सम्भार गरी क्षति न्यूनीकरण र संचालनमा ल्याउन आवश्यक जनशक्ति र स्रोतसाधनको व्यवस्था उर्जा, जलश्रोत तथा सिँचाई मन्त्रालयले मिलाउने । साथै यस्तो कार्य प्रदेश र स्थानीय तहको समन्वयमा गर्ने ।
- पहिरो प्रभावित परिवारका लागि सुरक्षित स्थानमा स्थानान्तरण गर्ने र पहिरोको अति जोखिममा परेका वस्तीहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने कार्यहरु (आवास वा आश्रयस्थल निर्माणको कार्य) सहरी विकास मन्त्रालयले गर्ने ।
- बाढी, पहिरोबाट अवरुद्ध सडक, क्षतिग्रस्त पुल पुलेसाहरु तत्कालै मर्मत सम्भार गरी संचालनको व्यवस्था प्रदेश तथा स्थानीय तहको समन्वयमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले मिलाउने ।

**निर्णय नं. ४:-** मनसुनको अवधिभर प्रतिकार्यको काम संयोजन गर्न र विपद् सम्बन्धी घटनाहरुको सूचना संकलन तथा प्रतिवेदन तयार गर्न राष्ट्रिय आपत्कालीन कार्यसंचालन केन्द्र (NEOC) लाई २४सै घण्टा संचालन गर्ने । साथै विपद् सम्बन्धी मुलुकभर घटित घटनाहरुको सूचना संकलन तथा दैनिक प्रतिवेदन तयार गर्ने ।

**निर्णय नं. ५:-** राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन सहमतिका लागि अर्थ मन्त्रालयमा पेश गरिएकोमा सोको आवश्यक प्रक्रिया पुरा गरी यथाशीघ्र सहमतिका लागि अर्थ मन्त्रालयमा अनुरोध गर्ने ।

**<u>निर्णय नं. ६:-</u>** उर्जा, जलश्रोत तथा सिँचाई मन्त्रालयले देशको दक्षिणी सीमावर्ती क्षेत्रमा रहेका जिल्लाहरुमा बाढी तथा डुबानको समस्याको अध्ययन तथा नक्साङ्कन गरी तत्काल गर्नुपर्ने र दिर्घकालमा गर्नुपर्ने कार्यहरु कार्यकारी समिति समक्ष सिफारिस गर्ने ।

**<u>निर्णय नं. ७:-</u>** नवलपरासी जिल्ला स्थित सुस्ता क्षेत्रमा बाढी तथा डुबान विषयमा तयार गरिएको आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना कार्यान्वयनका लागि जिल्ला विपद् व्यवस्थापन समिति मार्फत स्थानीय विपद् व्यवस्थापन समितिमा पठाउने ।

**<u>निर्णय नं. ८:-</u>** पर्वत जिल्लाको कुश्मा नगरपालिकाको वार्ड नं. ३ सरुन्चौर, दुर्लुङ्गमा यहि २०७७ साल जेठ ३१ गते गएको पहिरो लगायत cloud burst बाट भएका पहिरोहरुको अध्ययन गरी आगामी दिनमा जोखिम न्यूनीकरणका लागि अपनाउनु पर्ने रणनीति एवं कार्यनीति सिफारिस सहितको प्रतिवेदन पेश गर्न राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको नेतृत्वमा खानी तथा भूगर्भ विभाग, वन तथा भूसंरक्षण विभाग र जल तथा मौसम विज्ञान विभागका प्रतिनिधि सदस्य रहने गरी अध्ययन समिति गठन गर्ने र उक्त समितिले आगामी दिनमा मुलुकभर गर्नुपर्ने कार्यको लागि कार्यकारी समिति समक्ष सिफारिस सहितको प्रतिवेदन पेश गर्ने ।

**<u>निर्णय नं. ९:-</u>** विपद्को एकीकृत तथा समन्वयात्मक रुपमा प्रतिकार्य गर्नका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको राष्ट्रिय आपत्कालीन कार्यसंचालन केन्द्र (NEOC) मा कमाण्ड पोष्ट स्थापना गर्ने र उक्त कमाण्ड पोष्टमा गृह मन्त्रालय, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालको १/१ जना प्रतिनिधि खटाउन अनुरोध गर्ने ।

**<u>निर्णय नं. १०:-</u>** यस अघि गरिएको निर्णयानुसार नेपाली सेनाले विपद्को समयमा छिटो छरितो खोज तथा उद्धारका कार्यसंचालन गर्न इटहरी, भरतपुर, काठमाडौं, पोखरा र सुर्खेत गरी पाँच स्थानमा हेलिकोप्टर तैनाथ राख्ने ।